नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले, दैलेख

कर्णाली प्रदेश, नेपाल

## कर्मचारी आवश्यक्ता सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०१/३१

सि.वि.एम.को आर्थिक सहयोगमा नौमूले गाउँपालिका र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सी.एम.सी.-नेपाल) बीचको साझेदारी सम्झौतामा सञ्चालित कर्णाली मानसिक स्वास्थ्य कार्यक्रमका लागि निम्न पदहरूमा सेवा करारमा कर्मचारी आवश्यक भएकोले तपसिल बमोजिम योग्यता पुगेका ईच्छुक उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिएको छ ।

तपसिल:

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | CMC/०१/२०७९/०८० | सामुदायिक मनोसामाजिक कार्यकर्ता | १ (एक) | महिला |
| २. | CMC/०२/२०७९/०८० | सामुदायिक मनोसामाजिक कार्यकर्ता | १ (एक) | पुरुष |

१. **शैक्षिक योग्यता:** १०+२ (दश जोड दुई) वा सो सरह उत्तीर्ण गरेको ।

२. **उमेर:** २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

३. **अनुभव एवं वाञ्छनीय योग्यता:**

- समुदायमा मनोसामाजिक कार्यकर्ता वा सामाजिक कार्यकर्ताको रुपमा अनुभव प्राप्तलाई प्राथमिकता दिइने छ ।
- समुदायमा मानसिक स्वास्थ्यको प्रवर्द्धन, मानसिक रोगको रोकथाम र मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको समुदायमा पुर्नस्थापना गर्ने काममा रुची राख्ने हुनु पर्नेछ ।
- मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको उपचार र मनोसामाजिक सहयोगको काममा काम गर्न रुची राख्ने हुनु पर्नेछ ।
- एक जना सामुदायिक मनोसामाजिक कार्यकर्ताले ४ वटा भन्दा वढी वडाहरुमा गई गतिविधिहरु सञ्चालन गर्नुपर्ने भएकोले उम्मेदवार यस गाउँपालिकाको हुनु पर्नेछ ।
- आफुले गरेको कामको प्रतिवेदन बनाउने अनुभव भएको हुनु पर्नेछ ।
- दिइएको उत्तरदायित्व राम्रोसँग बहन गर्न अमता भएको हुनु पर्नेछ ।
- स्पष्ट रुपले संचार गर्न सक्ने र आवश्यकता अनुसार गोपनियता कायम गर्ने क्षमता भएको हुनु पर्नेछ ।
- प्रतिस्पर्धा एवं अप्ठ्यारो परिस्थितिमा सहयोग गर्न रुची राख्ने हुनु पर्नेछ ।
- स्थानीयस्तरमा क्लब, महिला समूह, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका, अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था, स्वास्थ्य संस्था तथा वडामा स्थानीय सरकार तथा अन्य गैर सरकारी संस्थाबाट संचालन भएका अन्य कार्यक्रमसँग समन्वय गर्न सक्ने हुनु पर्नेछ ।
- उत्सुक एवं नयाँ विषयवस्तु सिक्न ईच्छा शक्ति भएकालाई विशेष प्राथमिकता दिइने छ ।
- दलित, जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका उम्मेदवारहरुलाई विशेष ग्राह्यता दिइने छ ।


अध्यक्ष: ९८४८२०८९१६, उपाध्यक्ष: ९८४८३३९५४९, प्रमुख प्रशासकीय अधिकृत: ९८४१०५१२७६,
प्रशासन: ९८०२५४५८७५/९८४८१०७६७०, आर्थिक प्रशासन: ९८०५५४५८७१
website: naumulemun.gov.np Email: naumulegapa@gmail.com

नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले, दैलेख

कर्णाली प्रदेश, नेपाल

४. **पेश गर्नुपर्ने आवश्यक प्रमाण-पत्रहरू :**
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि १ थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि १ थान ।
- वाञ्छनीय योग्यता तथा अनुभवका प्रमाणित प्रतिलिपि १ थान ।

५. **आवेदनको दस्तुर:** रु. ५००/- अक्षरुपी पाँच सय रुपैयाँ मात्र (यस गाउँपालिकाको एनएमबी बैंक, नौमूले शाखामा रहेको हिसाव नं. १०४००७१७१२४०००७४ मा जम्मा गरी सक्कलै भौचर) सहित आवेदन दिनु पर्नेछ ।

६. **आवेदन पेश गर्ने स्थान:** नौमूले गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नौमूले, दैलेख ।

७. **परीक्षाको किसिम:** लिखित र अन्तरवार्ता ।

८. **आवेदन पेश गर्ने अन्तिम मिति:** २०८०/०२/०६ गते (अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट) कार्यालय समयसम्म ।

९. **आवेदन फाराम:** नौमूले गाउँपालिकाको प्रशासन शाखा तथा वेवसाइट www.naumulemun.gov.np मा उपलब्ध छ ।

१०. **सेवा/सुविधा:** साझेदार संस्था र गाउँपालिकाको नियमानुसार ।

..........................
(रेशम बहादुर बढी)
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीको लागि नौमूले गाउँपालिकाको स्वास्थ्य शाखा/प्रशासन शाखामा सम्पर्क गर्न सकिने छ ।


अध्यक्ष: ९८४८२०८९१६, उपाध्यक्ष: ९८४८३३९५४९, प्रमुख प्रशासकीय अधिकृत: ९८४१०५१२७६,
प्रशासन: ९८०२५४५८७५/९८४८१०७६७०, आर्थिक प्रशासन: ९८०४५४५८७१
website: naumulemun.gov.np Email: naumulegapa@gmail.com